जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत, पर्वत
गण्डकी प्रदेश, नेपाल
☎०६९-५२२००२

सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकासन मिति २०७८/०२/२९

जलजला गाँउपालिकाको वार्षिक स्विकृत कार्यक्रमअनुसार यस गाँउपालिकामा रहेका सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी पुस्तक उपलव्ध गराउन पुस्तक खरिद गर्नुपर्ने भएकाले यो सुचना प्रकाशन गरिएको छ । ईच्छुक इजाजतप्राप्त फर्मवाट तपसिलमा उल्लेखित विषय र सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरीन्छ।

**शर्तहरुः**

१-यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनको कार्यालय समय सम्म बोलपत्र फाराम रु १०००। (एक हजार रुपैयाँ मात्र) भुक्तानी गरी (फिर्ता नहुने गरी ) जलजला गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। वोलपत्र खरीद गर्ने अन्तीम दिनमा सार्वजनीक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाइ अन्तीम दीन मानिनेछ ।

२- सूचना प्रकाशन भएको मितिले सोह्रौ दिनको दिउसो १२ बजे सम्म बोलपत्र दाखिला गर्न सकिने छ।सोहि दिनको दिउसो १ बजे कार्यालय प्रतिनीधि र बोलपत्र दाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा त्यसको भोलि पल्ट बोलपत्र खोलिने छ।बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३- आफुले कबोल गरेको अंकको कर सहीत २.५% ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेण्ट वैकमा रहेको धरौटी खाता नं ०६४०१४००२५००२३ मा जम्मा गरी सोको सक्कलै भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरीएको विडवण्ड वोलपत्र दाखील गर्ने अन्तीम मितिले १२० दिनको अवधी भएको समावेश गर्नु पर्नेछ।

४-कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन। बोलपत्र साथ फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण, आय कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५- जुन फर्मको नामबाट बोलपत्र खरीद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ। वोलपत्र भर्दा स्पष्ट रुपमा अङ्क र अक्षरमा भर्नुपर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दीइनेछ ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

६-बोलपत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोल पत्र नं. सहित कामको विषय वा शिर्षक लेखि बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्ने छ।

७-बोलपत्र सकारे बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम आपुर्तिकर्ता स्वयंले बुझाउन पर्ने छ ।

८-बोलपत्र स्वीकृत गर्ने, आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार जलजला गाउँपालिकामा सुरक्षित रहने छ।

९-गाउँपालिकाले तोकेको पुस्तकहरु उपलव्ध गराउनुपर्नेछ ।

१०-वोलपत्र सम्बन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ।यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

११-बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१२ यसमा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ

१३ विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | विषय | उपलव्ध गराउनुपर्ने समयअवधी | ठेक्का न |
|---|---|---|---|
| १ | बालकक्षा देखी कक्षा ४ सम्मका लागी पुस्तक खरिद | २०७८ असार २५ गते सम्म | ०७७–७८–१/शिक्षा |

जलजला गाँउपालिका

गाँउ कार्यापालिकाको कार्यालय

प्र.प्र.अ.
२०७८।३।२४
अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत, मल्लाज, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३